नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
फागुन/चैत्र २०७६ (March 2020) वर्ष २५/अङ्क २७६

## नेइमः घरेलु संगति तथा जीवित झुण्ड

-एल्डर सिमोन खालिङ, नेइम ललितपुर

मत्ती १८:२० मा येशू प्रभुले भन्नुभयो, "**किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।**"

प्रथम शताब्दीका इसाईहरूले येशू प्रभुले भन्नुभए अनुसार, घर-घरमा भेला भएर प्रार्थना, संगति र बाइबल अध्ययन गर्थे। प्रेरित २:४६ मा "**तिनीहरू एकै मनका भई... घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।**"

प्रेरित २०:२० मा पावलले लेखेका छन्, "...**घर-घरमा सबैका सामुन्ने तपाईंहरूलाई शिक्षा दिनदेखि म पछि हटिनँ।**" घर-घरमा भेला हुनेहरूको संख्या बढ्दै गयो र पछिबाट त्यही घरेलु संगति नै मण्डलीमा परिणत भयो। जस्तै- फिलेमोन १:२ मा पावलले फिलेमोनलाई, "**तिम्रो घरका मण्डलीलाई**" भनेर लेखेको पाउँदछौं। फिलेमोन चाहिँ कलस्से भन्ने शहरका एक जना बासिन्दा थिए र उसको घरको "**घरेलु संगति**" लाई पावलले पछि "**घरका मण्डली**" भनेर लेखेको पाउँदछौं। त्यसै गरी १ कोरिन्थी १६:१९ मा "...**अकिलास र प्रिस्काले र तिनीहरूको घरमा भएका मण्डलीले प्रभुमा तिमीहरूलाई हार्दिक अभिवादन पठाएका छन्**" भनी लेखिएको छ। नयाँ करारमा "**घरमा भएको मण्डली**" भनेर लेखिएको पनि पाउँदछौं। (जस्तै- रोमी १६:५; कलस्सी ४:१५) त्यसैले प्रत्येक हप्ता हुने मण्डलीको आराधना सेवा बाहेक मण्डलीले ठहराएको विभिन्न बाल संगति, जवान संगति, महिला संगति र पुरूष संगति आदि संगतिहरूको धेरै महत्व छ।

बि.सं. २०४० साल तदनुसार सन् १९८४ को कुनै एक शनिवारको सेवापछि, नेपाली इसाई मण्डली ज्ञानेश्वर चर्चको पाष्टरनी गुरूआमाले मलाई सोध्नुभयो, "सिमोन बाबु, तपाईं कहाँ बस्नुहुन्छ ?" म त्यति बेला भरखर विश्वास गरेर ज्ञानेश्वर चर्च जान थालेको थिएँ। मेरो डेरा नक्साल चारढुङ्गेमा थियो। म बस्ने डेरा बताएपछि गुरूआमाले, नक्सालको भगवती मन्दिर पूर्व, सानो गौचरणको पश्चिम मुलबाटोको दक्षिणतिरको एक छेउमा बाँसको बोटसँगैको गेटमा बेलुकी ६ बजे (कुन बार भन्ने त बिर्सें) आइपुग्नु भन्नुभयो। त्यस अनुसार उक्त बार र समयमा म त्यहाँ पुग्दा गुरूआमा गेटमै उभेर पर्खिरहनुभएको रहेछ। घरभित्र जाँदा घरेलु संगतिको अगुवा पाष्टर रोबर्ट कार्थक गुरूबा हुनुहुँदो रहेछ। उक्त घर डेरा दाजु रबी राई र लिओना राई ज्यूहरूको रहेछ। मेरो पहिलो घरेलु संगति त्यहीँबाट शुरू भएको हो र मैले बाइबल अध्ययन त्यसै दिनबाट शुरू गरेको हो। आज पनि त्यसै किसिमको निमन्त्रणा प्रत्येक घरेलु संगतिका अगुवा र सहायक अगुवाले दिनुपर्छ।

काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा बस्ने नेइम ज्ञानेश्वर चर्चका हामी सदस्यहरूको आ-आफ्नो घर डेरामा परिवार-परिवार मिलेर घरेलु संगति गर्थ्यौ र अहिले पनि भइरहेको छ। उक्त घरेलु संगतिहरू नेइम ज्ञानेश्वर चर्चको स्थापनाकाल बि.सं. २०१४ सालदेखि नै शुरू भएका हुन् वा कहिलेबाट शुरू गरिएको हो भन्ने बारे मलाई केही जानकारी छैन। नितान्त पारिवारिक वातावरणमा एक-अर्कालाई राम्रोसँग चिन्ने, एक-अर्काको निम्ति प्रार्थना गर्ने, बाइबल अध्ययन गर्ने, एक-अर्कालाई उत्साह दिने, एक-अर्काको साक्षी गवाही सुन्ने र आवश्यक परेको बेला एक-अर्कालाई सहयोग गर्ने उद्देश्यले सा-सानो झुण्डमा गरिने संगति नै घरेलु संगति हो।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| चैत्र १<br>March 14 | एल्डर<br>घनश्याम दाहाल | डीकन<br>राजु तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>गोपाल शर्मा | पाष्टर<br>दफ्तन सादा | डीकन<br>बाबुराम के.सी. | डीकन<br>पुरुषोत्तम न्यौपाने |
| चैत्र ८<br>March 21 | पाष्टर<br>सामुएल कार्थक | एल्डर<br>सुरेश पुरकोटी | एल्डर<br>अर्जुन ढकाल | एल्डर<br>सीता गुरुङ्ग | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>श्रीराम सुर्खेती | एल्डर<br>घनश्याम दाहाल |
| चैत्र १५<br>March 28 | एल्डर<br>सिमोन पाठक | डीकनेस्<br>रश्मिला तामाङ्ग | एल्डर<br>शामुएल क्षेत्री | पाष्टर<br>रोबर्ट कार्थक | सहायक पाष्टर<br>रूबेन श्रेष्ठ | डीकन<br>रुद्र राई | पाष्टर<br>बि.बि. खवास |
| चैत्र २२<br>April 4 | पाष्टर<br>रोबर्ट कार्थक | श्री<br>सरुषमान तामाङ्ग | पाष्टर<br>सामुएल कार्थक | पाष्टर<br>बि.बि. खवास | डीकन<br>सिमोन भण्डारी | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

बि.सं. २०४६ साल तदनुसार सन् १९९० को नेपालको राजनीतिक परिवर्तनपछि काठमाडौं उपत्यकाको विभिन्न स्थानहरूबाट नेइम ज्ञानेश्वर चर्चमा आउने सदस्यहरूको पायक पर्ने स्थानलाई दृष्टिगत गरी नेइम ज्ञानेश्वर चर्चको शाखाहरू जोरपाटी, गोंगबूँ र ललितपुरमा विस्तार गर्ने नेइम ज्ञानेश्वर चर्चको दर्शन अनुसार नेइम जोरपाटी, नेइम गोंगबूँ र नेइम ललितपुरमा शाखा मण्डलीहरू विस्तार गरियो ।

यसरी नेपाली इसाई मण्डली (नेइम) ज्ञानेश्वर चर्चबाट संचालित ती घरेलु संगतिहरू पनि आ-आफ्नो क्षेत्र अनुसार कति नेइम ज्ञानेश्वर चर्च अन्तरगत रहे भने, कति नेइम जोरपाटी चर्च अन्तरगत, कति नेइम गोंगबूँ चर्च अन्तरगत र कति नेइम ललितपुर चर्च अन्तरगत रहन गए । हाल आएर नेइम ज्ञानेश्वर चर्च अन्तरगतका घरेलु संगतिहरूलाई चाहिँ **"जीवित झुण्ड"** नामाकरण गरिएको छ भने तापनि नेइम जोरपाटी, नेइम गोंगबूँ र नेइम ललितपुरमा चाहिँ अहिले पनि **"घरेलु संगति"** नै भनिन्छ ।

प्रत्येक वर्ष झैं यही फरवरी महिनाबाट पुनः सबै घरेलु संगतिहरू शुरू भएका छन् । नामाकरण जे सुकै होस्, **"जीवित झुण्ड"** वा **"घरेलु संगति"** यो झुण्ड वा घरेलु संगतिहरूको मुख्य उद्देश्य भनेको, **"पारिवारिक वातावरणमा एक-अर्कालाई राम्रोसँग चिन्ने, एक-अर्काको निम्ति प्रार्थना गर्ने, बाइबल अध्ययन गर्ने, एक-अर्कालाई उत्साह दिने, एक-अर्काको साक्षी गवाही सुन्ने र आवश्यक परेको बेला एक-अर्कालाई सहयोग दिने हो ।"** माथि शुरूमै भने झैं गुरूआमाले मलाई जसरी घरेलु संगतिमा निम्तो दिनुभयो र घरेलु संगतिमा परिचय गराउनुभयो र त्यो मेरो निम्ति अविष्मरणीय क्षण रह्यो । त्यसरी यो साल प्रत्येक घरेलु संगतिका अगुवा र सहायक अगुवाज्यूहरूले पनि मण्डलीमा आउने जो अहिलेसम्म कुनै पनि घरेलु संगतिमा नगएकाहरूलाई निमन्त्रणा दिऔं र घरेलु संगतिमा सहभागी गराऔं । १ कोरिन्थी १४:२६ मा लेखिएको छ, **"यी सबै कुरा आत्मिक वृद्धिको निम्ति गरिऊन् ।"**

## विशेष प्रार्थना

१. संसारका विभिन्न देशहरूमा फैलिरहेको रोगहरू, भैइरहेको गृह युद्ध, अनिकाल, प्राकितिक प्रकोपको कारण दुःख-कष्ट भोगिरहेका मानिसहरूको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, लागु पदार्थ दुर्व्यशन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूका विरुद्धमा प्रार्थना गरौं ।

३. मण्डलीका विश्वासीहरू सेवा संगति, प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा कोही पनि सेलाएर नगएको होस् ।

४. मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिमा स्थिर र अटल रही परमेश्वरको वचन अनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।

५. देशका उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेलमिलापको लागि प्रार्थना गरिदिऔं ।

६. प्रभुको नाउँको खातिर दुःख, कष्ट, खेदो, सतावट भोगिरहनुभएका विश्वासीहरूको लागि प्रर्थना गरिदिऔं ।

७. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

८. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| **चैत्र १** March 14 | डीकन भुवन देवकोटा | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | डीकन राज गुरुङ्ग | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा गोंगबूँ चर्चमा** | डीकनेस् बिनिता राई |
| **चैत्र ८** March 21 | श्री कुमार श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | श्री कृष्ण श्रेष्ठ | डीकन पेशल राई | डीकन कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर छोदेन कार्थक | एल्डर राजु श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग |
| **चैत्र १५** March 28 | एल्डर गोपाल शर्मा | एल्डर दानिएल सापकोटा | डीकन पेशल राई | डीकन पासाङ तामाङ्ग | एल्डर गोपी राई | श्री कृष्ण श्रेष्ठ | एल्डर पिटर लिम्बु | एल्डर छोदेन कार्थक | एल्डर सिमोन खालिङ |
| **चैत्र २२** April 4 | डीकन कृष्ण नगरकोटी | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | श्री अमृत लामा | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर कर्ण ब. तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | **संयुक्त सेवा धापासी चर्चमा** |

## हार्दिक बधाई



माघ २२ गते/फरवरी ५ तारिख बुधबार नेइम जोरपाटी मण्डलीको सदस्य **श्री सन्देश तामाङ्ग** र सारा चर्चकी सदस्य **सुश्री सुभद्रा तामाङ्ग**को पवित्र विवाह सारा चर्च, सुकेधारामा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **सन्देश** र **सुभद्रा तामाङ्ग**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



माघ २६ गते/फरवरी ९ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य **श्री दिपेन लामा** र यसै मण्डलीकी सदस्य **सुश्री सन्जना देउला**को पवित्र विवाह नेइम ज्ञानेश्वर मण्डलीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **दिपेन** र **सन्जना लामा**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



फागुन १९ गते/मार्च २ तारिख सोमबार नेइम गोंगबूँ मण्डलीको सदस्य **श्री प्रकाश लामा** र यसै मण्डलीकी सदस्य **सुश्री मोनिका बोहोरा**को पवित्र विवाह नेइम गोंगबूँ मण्डलीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **प्रकाश** र **मोनिका लामा**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

## प्रार्थना

- वर्तमान समयमा देखा परेका साथै तिब्र रुपमा फैलिरहेको रोग नियन्त्रण होस् भनी प्रार्थना गरौं।
- चैत्र ६ गते/मार्च १९ तारिख बुधबारबाट शुरू हुन गइरहेको एस.इ.इ. परीक्षा दिनुहुने सम्पूर्ण परिक्षार्थीहरूको निम्ति प्रार्थना गरिदिऔं।

## मिशनेरीहरूको लागि प्रार्थना

- पाष्टर जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई, भारत)
- पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार-गढवाल, भारत)
- पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने, भारत)
- पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत)
- पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार, बेलायत
- पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत)

उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं।

## जानकारी

- माघ १८ गते/फरवरी १ तारिख शनिबारका दिन नेइम जोरपाटी मण्डलीमा ६ जना र फागुन १० गते/फरवरी २२ तारिख शनिबारका दिन ४ जना विश्वासीहरूले समर्पण गर्नुभयो।
- फागुन ३ गते/फरवरी १५ तारिख शनिबारका दिन नेइम ज्ञानेश्वर मण्डलीमा ६७ जना विश्वासीहरूले समर्पण गर्नुभयो।
- फागुन १८ गते/मार्च १ तारिख शनिबारका दिन नेइम गोंगबूँ मण्डलीमा ६ जना बाल-बालिकाहरूको बाल अर्पण भयो।

## जानकारी

- चैत्र १९-२१ गते/अप्रिल १-३ तारिखसम्म **अगापे टिन्स् क्याम्प** ज्ञानेश्वर मण्डलीमा।

## मार्च महिनाको कार्यक्रम

- फागुन २६ गते/मार्च ९ तारिख सोमबार **नेइम युवा रिट्रिट** आ-आफ्नै मण्डलीमा।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | **२५** 8<br>आराधना सेवामा सेवा संचालन गर्ने, सुसमाचार सुनाउनुहुने, वचनको सेवकाइ, आराधना अगुवाइ गर्नुहुने साथै वचन सुन्ने सबैको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५५:८-११ | **२** 15<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनको निम्ति पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>१ कोरिन्थी ३:१-१३ | **९** 22<br>नेइम अन्तर्गतका शाखा/आवद्ध मण्डली तथा संगतिहरूमा सेवकाइ गरिराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ तिमोथी १:१२-१७ | **१६** 29<br>सबै ख्रीष्टिय संघ संस्थाहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविका-हरूको लागि आशिष मागिदिऔं ।<br>२ तिमोथी १:७-१२ |
| **सोमबार** Monday | **२६** 9<br>विश्वासीहरूको जीवनमा व्यक्तिगत प्रार्थना, पारिवारिक वेदी साथै मण्डलीसँगको प्रार्थना कहिल्यै पनि नसेलाएको होस् ।<br>यशैया ५८:९,६५:२४ | **३** 16<br>अगुवाको स्थानमा रहनुभएकाहरूले उदाहरण भएर आफ्नो बगालको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:१-८ | **१०** 23<br>परमप्रभु परमेश्वरलाई सधैँ आदर, प्रशंसा, प्रेम गर्दै सबै कुराको निम्ति महिमा दिइरहन सकौं ।<br>१ थेसोलोनिकी ५:१४-२४ | **१७** 30<br>आमा बा, अभिभावक साथै बाल संगतिका सबै शिक्षक शिक्षिकाहरूले बालबालिकाहरूलाई प्रभुको शिक्षामा हुर्काउन सकून् ।<br>एफिसी ६:४ |
| **मंगलबार** Tuesday | **२७** 10<br>येशू प्रभुको शक्तिमा विश्वास गरी आउने बिरामीहरूले उहाँको नाउँमा चंगाइ पाउन सकून ।<br>मत्ती ८:१४-१७, | **४** 17<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिहरूद्वारा हामी दिन प्रतिदिन परिपक्वतातिर बढ्दै जान सकौं ।<br>१ थेसोलोनिकी १:६-८ | **११** 24<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भाग लिन सकून् ।<br>हिब्रू १०:२३-२६ | **१८** 31<br>स्कूल, क्याम्पस, उच्च शिक्षा, तालिम लिइराख्नुभएकाहरू साथै विभिन्न देशमा पढाइ र कामको लागि जानुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ |
| **बुधबार** Wednesday | **२८** 11<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुनाको रूपमा होइन तर प्रभुलाई आदर दिनेहरू हुन सकौं ।<br>यूहन्ना १४:१२-१४ | **५** 18<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाई, व्यवसाय तथा खेतीपातीको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-१३ | **१२** 25<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो सहनपरेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ११८:५-१६ | **१९** April 1<br>वैवाहिक जीवनमा बाँधिनुभएका दम्पत्तिहरूको साथै सबै परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मत्ती ५:१६, १९:४-६ |
| **बिहीबार** Thursday | **२९** 12<br>मण्डलीका सबै विश्वासीहरूले आफ्नो कमाई, व्यवसाय, खेतीपातीद्वारा परमेश्वरको महिमा गर्न सकौं ।<br>हितोपदेश ३:९, २ कोरिन्थी ९:१३ | **६** 19<br>सबै बिद्यार्थीहरूको पढाईको लागि प्रभुसँग प्रार्थना गरिदिऔं ।<br>याकूब १:५ | **१३** 26<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५५:२२,१४७:३ | **२०** 2<br>आराधना सेवाको समयमा इन्टरनेटद्वारा प्रसारण भएको सेवाद्वारा धेरैले आशिष् पाउन सकून् ।<br>यशैया ५१:१-८ |
| **शुक्रबार** Friday | **३०** 13<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार कहिले पनि नरोकेको होस् ।<br>भजनसंग्रह २३:१-६ | **७** 20<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतामा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून्।<br>भजनसंग्रह २६:८ | **१४** 27<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना१४:२१,२३-२४, २यूहन्ना ६ | **२१** 3<br>ख्रीष्ट येशू प्रभुको क्रूसको मृत्यु र बौरी उठाईको सत्यता सारा संसारका मानिसहरूले बुझी परमेश्वरबाटको आशिषमा जिउन सकौं।<br>यूहन्ना ३:१६-१८, रोमी ५:८-११ |
| **शनिबार** Saturday | **१ चैत्र** 14<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>प्रेरित २:४२-४७ | **८** 21<br>परमेश्वरले हामीप्रति गर्नुभएका महान् प्रेम, अनुग्रह, दया र कृपाको लागि धन्यवाद प्रशंसा चढाऔं ।<br>भजनसंग्रह ४०:१-५,९-१० | **१५** 28<br>सेवा संगतिको महत्व बुझी आफै पनि साथै अरूलाई पनि सेवा संगतिमा जानको लागि उत्साह दिनेहरू हुन सकौं ।<br>हिब्रू १०:२४-२५ | **२२** 4<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माण र परमेश्वरको महिमाको लागि चलाउन सकून ।<br>रोमी १२:६-८ |

**"मेरो उद्धार र मेरो इज्जत परमेश्वरमा आश्रित छ, मेरो शक्तिशाली चट्टान र मेरो शरणस्थान परमेश्वर नै हुनुहुन्छ। हे मानिस हो, सब समय उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्ना मन खोल, किनकि परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ।"**

**भजनसंग्रह ६२:७-८**